# आ.व.२०७२/०७३ को जिल्ला स्तरीय वार्षिक प्रगती समिक्षाको प्रतिवेदन

मिति २०७३।४।३१

# जिल्ला विकास समिति, कंचनपुर

## १) पृष्ठभूमी :

स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २११ अनुसार जिल्ला विकास समितिले गत आ.व. को वार्षिक प्रगती समिक्षा गोष्ठी चालु आ.व.को पहिलो ४ महिना भित्र सम्पन्न गरेको हुनुपर्ने प्रावधान भए वमोजिम जिल्ला विकास समिति कंचनपुरले आ.व. २०७२/०७३ को वार्षिक प्रगती समिक्षा गोष्ठी मिति २०७३।४।३१ गतेका दिन विषयगत कार्यालय, गैससहरु, गा.वि.स. तथा जि.वि.स.को वार्षिक प्रगती समिक्षा गोष्ठी जि.वि.स. सभाकक्षमा सम्पन्न गरिएको थियो । उक्त गोष्ठीको अध्यक्षता जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी श्री मोहन पौडेलज्यूले गर्नुभएको थियो । स्वागत तथा कार्यक्रम वारे जानकारी सामाजिक विकास इकाईका वरिष्ठ कार्यक्रम अधिकृत श्री भानदेव भट्टज्यूले गर्नुभएको थियो भने उक्त गोष्ठीको संचालन स्थानीय विकास कोष सचिवालयका कार्यकारी प्रमुख श्री प्रेम वोगटीज्यूले गर्नु भएको थियो । उक्त गोष्ठीमा जिल्ला स्तरीय राजनैतिक दलका पदाधिकारीहरु, विषयगत कार्यालयका प्रमुखहरु, गैसस प्रमुखहरु, गा.वि.स. सचिवहरु, जि.वि.स.का शाखा प्रमुखहरु, पत्रकारहरु लगायतको उपस्थिति रहेको थियो ।

## २) उद्देश्य :

**यो गोष्ठीका उद्देश्यहरु देहाय अनुसार रहेका थिए :**

१) विषयगत कार्यालय, न.पा., गैससहरु तथा जिविसको आ.व. २०७२/०७३ को वार्षिक आय व्यय प्रस्तुत गर्ने ।

२) विषयगत कार्यालय, न.पा., गैससहरु तथा जिविसले गत आ.व.मा संचालन गरेका योजना तथा कार्यक्रमहरु वारे जानकारी गराउने ।

३) योजना कार्यक्रम संचालन गर्दा आएका समस्या, चुनौती तथा सिकाईहरु वारे जानकारी गराउने र निराकरणका उपायहरुको खोजी गर्ने ।

४) कार्यक्रम तथा योजना संचालनका क्रममा आएका समस्या तथा चुनौतीहरु आगामी वर्षमा कसरी न्यूनीकरण गर्ने भन्ने सम्वन्धमा छलफल गरी कार्यान्वयन गर्ने ।

नि.नं. २) प्रस्तुत गोष्ठीमा देहाय अनुसारका सुझावहरु आएका र उक्त सुझावहरुलाई आगामी दिनहरुमा अनुसरण गर्ने निर्णय गरियो ।

नि.नं. ३) गा.वि.स.हरुको सम्वन्धमा देहायका सुझावहरु प्राप्त भएका थिए ।

- गा.वि.स.को वजेटमा वढोत्तरी हुनु पर्ने ।
- समयममा वजेट निकासा हुनु पर्ने ।
- गा.वि.स.हरुको जनसंख्याको आधारमा अख्तियारी आउनु पर्ने ।
- जिल्ला स्थित कार्यरत गैससहरुले अनिवार्यरुपले गा.वि.स. न.पा., जि.वि.स.मा आफ्नो कार्यक्रम पेश गर्नु पर्ने अन्यथा सिफारिसमा कडिकडाउ गर्ने निर्णय गरियो ।

**७) समस्या समाधानका लागि सुझाव :**

- जि.वि.स.को आन्तरिक श्रोत घट्दै गएकोले स्रोतहरु खोज्दै वजेटमा वृद्धि गर्दै लैजाने ।
- जिल्ला स्तरवाट नियमित अनुगमनको व्यवस्था मिलाईनुपर्ने ।
- गैससहरुले जिल्लामा गाविस तथा न.पा.मा कार्यक्रम लागु गर्नु पुर्व जिल्ला परिषद्वाट आफ्नो कार्यक्रम पेश गर्नु पर्ने र स्वीकृति पछि मात्र सुचारु गर्नु पर्ने ।

**८) गोष्ठीको उपलब्धी :**

वार्षिक प्रगती समिक्षा गोष्ठीमा देहायका उपलब्धी हासिल भएको मान्न सकिन्छ ।

- गोष्ठीका सहभागीहरुलाई विषयगत कार्यालय, न.पा., गैससहरु तथा जिविसका गत आ.व.मा संचालन गरेका योजनाहरु वारे जानकारी भएको ।
- गोष्ठीका सहभागीहरुलाई विषयगत कार्यालय, न.पा., गैससहरु तथा जिविसको गत आ.व.को वार्षिक वजेट वारे जानकारी भएको ।
- गोष्ठीका सहभागीहरुवाट सुझावहरु प्रदान गरिएको ।

### ३) सहभागीहरु :

प्रस्तुत गोष्ठीका सहभागीहरुको संख्या ८४ जना रहेको थियो । उपस्थिति तथा निर्णयहरु अनुसूचि १ मा राखिएको छ ।

### ४) कार्यक्रम अवधी :

समिक्षा गोष्ठीको अवधी जम्मा १ दिनको रहेको थियो ।

### ५) गोष्ठी संचालन भएको मिति :

प्रस्तुत वार्षिक प्रगती समिक्षा गोष्ठी मिति २०७३।४।३१ गते गरिएको थियो ।

### ६) प्रगती प्रस्तुत गरेका कार्यालय तथा गैससहरु

१) जिल्ला विकास समितिको कार्यालय, कंचनपुर
२) जिल्ला कृषि विकास कार्यालय
३) भिम दत्त न.पा. को कार्यालय
४) बेलौरी न.पा.
५) परासन न.पा.
६) १३ वटै गा.वि.स.
७) जिल्ला जनस्वास्थ्य कार्यालय
८) जिल्ला शिक्षा कार्यालय
९) जिल्ला प्राविधिक कार्यालय
१०) मालपोत कार्यालय
११) खानेपानी तथा सरसफाई कार्यालय
१२) जिल्ला पशु सेवा कार्यालय
१३) डिभिजन सडक कार्यालय नं. १
१४) डिभिजन सहकारी कार्यालय
१५) महाकाली सिंचाई तेश्रो चरण
१६) जनताको तटवन्ध
१७) क्षेत्रीय कृषि तालिम केन्द्र
१८) शैक्षिक तालिम केन्द्र
१९) भूमिसुधार कार्यालय
२०) महिला तथा वालवालिका कार्यालय
२१) घरेलु तथा साना उद्योग कार्यालय
२२) कंचनपुर भंसार कार्यालय
२३) जिल्ला वन कार्यालय
२४) निड्स, कंचनपुर
२५) स्वीट नेपाल
२६) सामाजिक समानता अभियान
२७) संजीवनी
२८) फेकोपन
२९) नेपाल परिवार नियोजन संघ
३०) सेलर्ड
३१) आईएनएफ नेपाल
३२) यूएसएआइडि
३३) फोल्ड कंचनपुर
३४) रुडुक
३५) गैसस महासंघ